## जानकारी



सिनामंगल बस्नुहुने श्रीमती विष्णु माया (हन्ना) गुरूङ्ग ७० वर्षको उमेरमा २०७८ पौष २३ गते/७ तारिख, जनवरी, २०२२ शुक्रबार प्रभुमा सुत्नुभयो ।



सिनामंगल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री विजेन्द्र शाह ५४ वर्षको उमेरमा २०७८ पौष २८ गते/१२ तारिख, जनवरी, २०२२ बुधबार प्रभुमा सुत्नुभयो ।



मण्डिखाटार बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री प्रमिला राई ४६ वर्षको उमेरमा २०७८ माघ १ गते/१५ तारिख, जनवरी, २०२२ शनिबार प्रभुमा सुत्नुभयो ।



चाबहिल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री ढाल बहादुर सुनुवार वर्षको ७४ वर्षको उमेरमा २०७८ माघ ९ गते/२३ तारिख, जनवरी, २०२२ आइतबार प्रभुमा सुत्नुभयो ।



टौखेल बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्रीमती धन माया श्रेष्ठ ८६ वर्षको उमेरमा २०७८ माघ १२ गते/२६ तारिख, जनवरी, २०२२ बुधबार प्रभुमा सुत्नुभयो ।



स्वयम्भू बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री पूर्ण बहादुर शाही वर्षको ७५ वर्षको उमेरमा २०७८ माघ १४ गते/२८ तारिख, जनवरी, २०२२ शुक्रबार प्रभुमा सुत्नुभयो ।

## विशेष प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा बोझसाथ लागिपर्न सकून् ।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

५. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

## हार्दिक बधाई



२०७८ पौष ३० गते/जनवरी १४ तारिख, २०२२ शुक्रबार नेइम धापासी चर्चको सदस्य श्री **आशिष कार्थक** र इभान्जलिकल प्रेस्बिटेरियन चर्च, सिक्किम, भारतको सदस्य सुश्री **परसिस** को इभान्जलिकल प्रेस्बिटेरियन चर्च, सिक्किम, भारतमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आशिष** र **परसिस कार्थक**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ माघ २ गते/जनवरी १६ तारिख, २०२२ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **रेनिशा ओली** र बनेपा क्वाइनोनियाँ चर्चको सदस्य श्री **प्रिन्स आशिष श्रेष्ठ**को हेरिटेज पार्टी प्यालेस, भक्तपुरमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रिन्स आशिष** र **रेनिशा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २३ 6<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | १ फागुन 13<br>नेपाली इसाई मण्डली तथा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ८ 20<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १५ 27<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २४ 7<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २ 14<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ९ 21<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १६ 28<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २५ 8<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ३ 15<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | १० 22<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १७ March 1<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार**<br>Wednesday | २६ 9<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ४ 16<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ११ 23<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १८ 2<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २७ 10<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | ५ 17<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | १२ 24<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १९ 3<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार**<br>Friday | २८ 11<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ६ 18<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १३ 25<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | २० 4<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार**<br>Saturday | २९ 12<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ७ 19<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १४ 26<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | २१ 5<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूको पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई स्वस्थ पार्नेछु । अब यस ठाउँमा गरिएका प्रार्थना ध्यानसित सुन्न मेरा कान र हेर्न मेरा आँखा खुला रहनेछन् । मेरो नाउँ सदासर्वदाको निम्ति त्यहाँ रहन मैले यस मन्दिरलाई चुनेको छु, र त्यसलाई पवित्र पारेको छु । मेरो दृष्टि र मेरो हृदय सधैंभरि त्यहाँ रहनेछ ।**

**(२ इतिहास ७:१४-१६)**